# आ.व. २०७६/७७ का लागी गाउँपालिका उपाध्यक्षबाट प्रस्तुत योजना तथा बजेट

सभाध्यक्ष महोदय,

आज यस सम्मानित एवं गरिमामय सभामा रावा बेसी गाउँपालिको आ.व. २०७६।७७ को बजेट प्रस्तुत गर्न पाउँदा मैले आफूलाई गौरवान्वित महशुस गरेको छु ।

लामो संघर्षको उपलब्धि स्वरुप नेपाली जनताको चाहाना अनुरुप संघिय लोकतान्त्रिक गणतन्त्रको घोषणासँगै नेपाली समाजमा महत्वपूर्ण परिवर्तन भईरहेका छन् । संघिय लोकतान्त्रिक गणतन्त्र, सामाजिक न्यायसहितको समावेशी शासन व्यवस्था, मौलिक हक विविधता वीच एकता, सहिष्णुता, धर्मनिरपेक्षता जस्ता उपलब्धिहरु संस्थागत हुँदै गएका छन् । यसै सन्दर्भमा यो परिवर्तनको यो ऐतिहासिक क्षण दिलाउनको लागि आन्दोलनका विभिन्न कालखण्डमा जीवन बलिदानी गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात वीर शहिदहरुमा म हार्दिक श्रद्धान्जली अर्पण गर्न चाहान्छु । यसैगरि यस रावा बेसी गाउँपालिकाको विकासको लागि सदैव जागरुक भइरहने यहाँका बुद्धिजिवी, राजनैतिक दल, समाजसेवी, कर्मचारी तथा सम्पूर्ण जनताहरु प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

हामीले रावा बेसी गाउँपलिककालाई सम्वृद्ध बनाउने र यहाँका बासिन्दाहरुलाई सुखी बनाउने, यस क्षेत्रको सर्वाङ्गिन विकास गर्दै यस क्षेत्रका वासिन्दाहरुको समग्र अर्थिक, सामाजिक स्तरमा सकारात्मक परिर्वतन ल्याउन लागि गाउँपालिका निरन्तर लागिरहेको छ । यस गाउँपालिकालाई उत्पादनमुखि वालमैत्री, अपाङ्गमैत्री तथा वातावरणमैत्री गाउँपालिको रुपमा विकास गर्दै यसलाई नेपालकै नमूना गाउँपालिका बनाउने अभियानमा हामी लागिरहेको अबसरमा जुन नीति, कार्यक्रम प्रस्तुत गरिएको छ सोही अनुरुप बजेट विनियोजनमा प्राथमिकता दिइएको व्यहोरा अवगत गराउन चाहान्छु ।

गाउँपालिका भित्रका अनेकन समस्या र जनआकांक्षालाई परिपुर्ति गर्नका लागि सिमित स्रोत र साधन हाम्रो सिमा रहे पनि सम्बोधन गर्ने प्रयत्न गरिएको छ । विकासका सुचकहरुमा सकारात्मक परिवर्तन ल्याउन र सहभागितामुलक प्रक्रियाबाट नतिजामुलक ढंगले योजना सञ्चालन गरि उपलब्ध स्रोतसाधनको अधिकतम परिचालन गर्न सके मात्र हामीले लिएको लक्ष्य, हाम्रा उद्देश्यहरु, हामीले निर्धारण गरेका प्राथमिकताहरु पुरा हुनेछन् भन्ने कुराको बोध गराउन चाहान्छु ।

आ.व.२०७६।७७ को बजेट तयार गर्दा नेपालको संविधानले स्थानीय तहका लागि निर्दिष्ठ गरेका भूमिकाहरु, स्थानीय सरकार साञ्चालन ऐन, २०७४ का प्रावधानहरु र नेपाल सरकारबाट जारी बजेट तर्जुमा दिग्दर्शन, गाउँपलिकाको नीति तथा कार्यक्रम, चालु आवधिक योजना, दिगो विकासका लक्ष्य, विभिन्न तह र तप्काबाट प्राप्त सुझावहरु तथा विगतको अनुभवको सिकाइलाई मुख्य आधार बनाईएको छ भने बजेट तर्जुमाका लागि निम्न पद्धती अवलम्बन गरिएको छ :

- वडा समितिको बैठक
- प्राथमिकताको छनौट
- विभिन्न समूह वडा स्तरीय समुदायहरुसँग छलफल अन्तरक्रिया गरी सुझाव संकलन ।
- वडा समितिको बैठकबाट योजना पारित
- गाउँपालिकबासी अगुवा नागरीकको राय सुझाव
- विषयगत समितिमा छलफल र पारित
- गाउँपालिकाको बजेट तर्जुमा समितिमा छलफल र परित
- गाउँ कार्यपालिकामा छलफल र पारित
- गाउँसभामा परितका लागि पेश

सभाध्यक्ष महोदय,

प्रस्तुत यस बजेटका उद्देश्यहरु यस प्रकार प्रस्तुत गरेको छु :

- असल शासन, जनउत्तरदायी र पारदर्शी प्रशासन ।
- लैगिक समानता, न्यायपूर्ण, समावेसी र लोकतान्त्रिक संस्कारको विकास गर्ने ।
- दिगो पूर्वाधारको विकास र सडक यातयातमा सुधार गर्ने ।
- गाउँको मौलिक कला, संस्कृती र पहिचान तथा भौगोलिक सौन्दर्यको प्रवर्द्धन गरी पर्यटन विकास गर्ने ।
- स्वरोजगार तालिम, उद्यमशिलता रोजगार आय आर्जन तथा आर्थिक विकासका गतिविधि बृद्धि गरी समृद्धि तर्फ अग्रसर गराउने ।
- शिक्षीत र सौर्य मुक्त जनशक्तिको विकास गराउने ।
- सामाजिक सुरक्षा र दिगो शान्तीको कार्यक्रम अघि बढाउने ।
- वन, वाताबरण संरक्षण, फोहोर मैला ब्यवस्थापनको, ठोस योजना तयार गरी विपद ब्यवस्थापनको तयारी अघि बढाउने ।

यी उद्देश्यहरु हासिल गर्नका लागि यस बजेटका प्राथमिकताहरु देहायबमोजिम निर्धारण गरेको छु :

- गाउँपालिकाको मुख्य सडक र गौरवका सडकहरु स्तरोन्नती र विस्तारमा प्राथमिकीकरण,
- वडा कार्यालय भौतिक संरचना निर्माण तथा मर्मत कार्य
- शिक्षा, स्वास्थ्य र खानेपानीका योजनामा जोड,
- कृषि उत्पादनमा वृद्धि र आय आर्जनका कार्यक्रममा जोड,
- सुशासन, रोजगारी र गरिवी निवारण साथै लक्षित समूह विकास कार्यक्रम,

अब म यिनै उद्देश्य तथा प्राथमिकतामा आधार रही तयार गरिएको आर्थिक वर्ष २०७५।७६ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

गाउँपलिका स्तरिय योजनामा विषयगत सिमा अन्तर्गत आर्थिक विकास अन्तर्गत पर्ने कृषि,पशु उधोग, पर्यटन र सहकारी क्षेत्रको लागी रु. **१ करोड ६४ हजार ५ सय ८० मात्र** विनियोजन गरेको छु । सामाजिक विकास अन्तर्गत पर्ने शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रर्वद्धन, लैङ्गीक समानता तथा सामाजिक समावेशिकरण तथा अन्य गरि रु. **९८ लाख ३० हजार ५ सय २० मात्र** विनियोजन गरेको छु । पूर्वाधार विकास अन्तर्गत पर्ने सडक, सिँचाई, भवन तथा सहरी विकास, उर्जा र विद्युतका लागी रु. **३ करोड ५१ लाख ९ हजार मात्र** विनियोजन गरेको छु ।

सुशासन तथा संस्थागत विकास अन्तर्गत अन्तर्गत रु. **३५ लाख १० हजार ९ सय मात्र** विनियोजन गरेको छु भने समपुरक कोष र पुँजिगत अनुसन्धान तथा परामर्शका लागी आबश्यक बजेटको व्यबस्था गरेको छु ।

यस गाउँपालिकाका विभिन्न वडाहरुलाई विषयगत क्षेत्र सिमा निर्धारण गरि वडागत विकास निर्माण योजनाहरुलाई रु. **१ करोड ५० लाख** बजेट विनियोजन गरिएको छ । वडागत बजेट मध्ये आर्थिक विकास अन्तर्गत पर्ने कृषि, पशु, उद्योग, पर्यटन र सहकारीका लागी रु. **२७ लाख ७० हजार** मात्र सामाजिक विकास अन्तर्गत पर्ने शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रर्वद्धन, लैङ्गीक समानता तथा सामाजिक समावेशिकरण तथा अन्य गरि **रु.२७ लाख ५० हजार मात्र** विनियोजन गरेको छु । पूर्वाधार विकास अन्तर्गत पर्ने सडक, सिँचाई, भवन तथा सहरी विकास, उर्जा र विद्युतका लागी **रु.९४ लाख ८० हजार** विनियोजन गरेको छु ।

सभाध्यक्ष महोदय,

अव म बजेटको विनियोजन र स्रोतको व्यवस्था सम्बन्धी योजना प्रस्तुत गर्दछु । आ.व. २०७६।०७७ का लागि कुल रु. **२५ करोड ६७ लाख ९६ हजार** मात्रको अनुमानित बजेट प्रस्तावित गरेको छु । जस मध्ये चालु खर्च तर्फ रु. **५ करोड ३३ लाख मात्र विनियोजन गरेको छु**, जसमध्ये, तलब भत्ता लगायत कार्यालयको प्रशासनिक खर्च र सबै वडाकार्यालयको समेत गरी चालु प्रकृतिका खर्चका लागी **रु.४ करोड ५० लाख ९२ हजार** र विभिन्न कार्यक्रमहरुका लागी **रु.१ करोड २ लाख ८ हजार** मात्र विनियोजन गरेको छु । पूंजीगत खर्च तर्फ रु. **७ करोड ३५ लाख १५ हजार** र विषयगत शाखाका राष्ट्रसेवक कर्मचारी र शिक्षक, शिक्षिकाहरुको तलब, भत्ता र अन्य विभिन्न कार्यक्रमहरुको लागि संघिय सरकारबाट प्राप्त सशर्त अनुदान कार्यक्रम तर्फ रु. **१२ करोड ३० लाख** प्रस्ताव गरेको छु ।

आर्थिक वर्ष २०७६।०७७ का लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजस्व र राजस्व बाँडफाँड बाट रु. **२५ लाख १५ हजार**, केन्द्रिय सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान

बाट **रु.७ करोड १५ लाख** , प्रदेश सरकारबाट प्राप्त वित्तिय समानीकरण अनुदान बाट **रु. ६९ लाख ८१ हजार**, संघिय सरकार बाट प्राप्त राजश्व वाँडफाँड अन्तर्गत **रु. ५ करोड २८ लाख** र संघिय सरकारबाट प्राप्त विषयगत सशर्त अनुदान **रु.१२ करोड ३० लाख** अनुमान गरिएको छ । राजश्व वाँडफाँड बाट प्राप्त बजेटलाई चालु खर्चमा मात्र समावेश गरिएको छ । उल्लेखित आय व्यय बाहेक सामाजिक सुरक्षा भत्ता बापत नेपाल सरकारबाट अनुदान प्राप्त हुने र सोहि कार्यक्रममा खर्च हुने अनुमान गरिएको छ । संघिय सरकारबाट प्राप्त हुने प्रधानमन्त्रि रोजगार कार्यक्रम, प्रदेश सरकारबाट प्राप्त शसर्त अनुदान, स्थानिय साझेदारी विकास कार्यक्रम, निर्वाचन क्षेत्र विकास कार्यक्रम, गरिवसँग विश्वेश्वर, विषेश अनुदान अन्तर्गत सामुदायिक विकास कार्यक्रमका लागी प्राप्त हुने अनुदान, हेल्भिटास, बहुक्षेत्रिय पोषण कार्यक्रम अन्तर्गतको अनुदान रकमको अख्तियारी प्राप्त भए पश्चात खर्च गरिनेछ । अन्य संघ संस्थाबाट प्राप्त योजना तथा बजेट रकमको अख्तियारी प्राप्त भए पश्चात खर्च गरिनेछ ।

अन्त्यमा,

यसरी बजेट तयार गर्दा आबश्यक सहयोग गर्नु हुने राजश्व परमार्श समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, कार्यपालिकाका सम्पूर्ण सदस्य ज्यूहरु, राजनैतिक दलका पदाधिकारीहिरु, शिक्षक, बुद्धिजिवी, समाजसेवी र सम्पूर्ण कर्मचारी वृतलाई म हार्दिक धन्यबाद दिदै कार्यान्यवयनका चरणमा आइ पर्ने विविध खालका समस्याहरु समाधानको लागि समेत उतिकै साथ सहयोगको अपेक्षा गर्दछु ।

धन्यवाद !!